# By Laws Formulation Cell
## M .R. M. campus, Ilam

# Report

***Submitte to***

Quality Assurance and Accreditation
Sub- committee (QAASC)
M.R. M. Campus, Ilam

***Submitted by***

Co-Ordinator- Taranath Parajuli.
Member- Tirtharaj khatiwada
Member- Bhaskar Prasad Pokhrel.

# महेन्द्ररत्न बहुमुखी क्याम्पस इलामको आन्तरिक शिक्षक-कर्मचारी सेवा, सर्त विनियम-२०६८

त्रिभुवन विश्वविद्यालय ऐन २०४९ को अधिनमा रही त्रिभुवन विश्वबिद्यालय स्वायत्तता सम्बन्धी नियम २०६२ को नियम ४ को अधिकार प्रयोग गरी निर्माण गरिएको

मिति २०६८/ / गते वसेको क्याम्पस सञ्चालक समितिको वैठकले स्वीकृत गरी लागु गरिएको

**महेन्द्ररत्न बहुमखी क्याम्पस इलामको आन्तरिक शिक्षक, कर्मचारी सेवा सम्बन्धी विनियम-२०६९**

## *प्रस्तावना*

त्रिभुवन विश्वविद्यालय महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाम त्रिभुवन विश्वविद्यालय स्वायत्तता सम्बन्धी नियम २०६२ बमोजिम स्वायत्तता प्राप्त क्याम्पस हो । यस क्याम्पसमा सञ्चालित स्नातक र स्नातकोत्तर तहको पठनपाठन, अध्ययन अनुसन्धान, अतिरिक्त र शैक्षिक क्रियाकलाप चुस्त बनाई क्याम्पसमा प्रदान गरिने ज्ञान र विज्ञानको क्षेत्रलाई अझ बढी व्यापक र व्यबहारिक बनाउन, जीवन पर्यन्त शिक्षाको मूलभूत उद्देश्यको परिधिभित्र रही जीवनपयोगी बिषयहरु सञ्चालन गर्न, क्याम्पसको आन्तरिक श्रोतको अधिकतम सदुपयोग गरी यस क्याम्पसको शिक्षक कर्मचारीको नियुक्ति प्रक्रिया, काम कर्तव्य, सेवा सुविधा तथा विभागिय कारवाही जस्ता पक्षलाई व्यवस्थित गर्न त्रिभुवन बिश्वविद्यालय ऐन, नियमावली र प्रचलित कानूनको अधिनमा रही महेन्द्ररत्न बहुमुखी क्याम्पस सञ्चालक समितिले यो विनियम वनाएको छ ।

## *१. विनियमको नाम*

यो विनियमको नाम महेन्दरत्न बहुमुखी क्याम्पस इलामको आन्तरिक शिक्षक-कर्मचारी सेवा विनियम-२०६९ रहनेछ ।

## *२. परिभाषा*

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

(क) 'ऐन' भन्नाले त्रिभुवन विश्वविद्यालय ऐन २०४९ लाई जनाउनेछ ।

(ख) 'नियम' भन्नाले त्रिभुवन विश्वविद्यालय स्वायत्तता सम्बन्धी नियम २०६२ र त्रिभुवन बिश्वविद्यालय मातहतका अन्य नियमहरुलाई समेत जनाउनेछ ।

(ग) 'क्याम्पस' भन्नाले महेन्द्ररत्न बहुमुखी क्याम्पस इलामलाई जनाउनेछ ।

(घ) 'सञ्चालक समिति' भन्नाले महेन्द्ररत्न बहुमुखी क्याम्पस इलामको सञ्चालक समितिलाई जनाउनेछ ।

(ङ) 'अध्यक्ष' भन्नाले क्याम्पसको सञ्चालक समितिको अध्यक्ष वा कार्यकारी समितिको अध्यक्षलाई जनाउनेछ ।

(च) 'कार्यकारी समिति' भन्नाले क्याम्पसको कार्यकारी समितिलाई जनाउनेछ ।

(छ) 'क्याम्पस प्रमुख'भन्नाले महेन्द्ररत्न बहुमुखी क्याम्पस इलामको क्याम्पस प्रमुखलाई जनाउनेछ ।

(ज) 'प्राज्ञिक समिति' भन्नाले महेन्द्ररत्न बहुमुखी क्याम्पस इलामको प्राज्ञिक समितिलाई जनाउनेछ ।

## *३. विनियम प्रारम्भ*

यो विनियम सञ्चालक समितिले स्वीकृत गरी तोकेको मितिदेखि लागुहुनेछ ।

## ४. *शिक्षक-कर्मचारीको दरवन्दी*

(क) क्याम्पसको शिक्षक तथा कर्मचारीको दरवन्दी आवश्यकता अनुसार कार्यकारी समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(ख)क्याम्पसले श्रृजना गरेको दरबन्दीका शिक्षक तथा कर्मचारीको तलब भत्ता क्याम्पसको निजि श्रोतबाटबाट ब्यहोरिनेछ ।

(ग) यस क्याम्पसमा आन्तरिक सेवातर्फ देहाय बमोजिमको पदहरु रहन सक्नेछन् ।

### १. *शिक्षकतर्फ*

(क) उप-प्राध्यापक (करार)

(ख) शिक्षण सहायक (करार)

(ग) क्याम्पस कार्यसमितिले आवश्यक परेको अबस्थामा कुनै पनि बिषयका आगन्तुक शिक्षक (Visiting Professor)हरुलाई कम्तीमा ७ दिन बढीमा १ महिना अबधिका लागि आमन्त्रण गर्न सक्नेछ । त्यस्ता भिजिटिङ्गमा आएका प्रोफेसरहरुको सेवा सुबिधा सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

### २. *कर्मचारीतर्फ*

(क) सहायक प्रशासक

(ख) ल्याब डेमोन्स्ट्रेटर

(ग) लेखापाल

(घ) कम्प्युटर अपरेटर

(ङ) हेड अशिष्टेन्ट

(च) प्रयोगशाला सहायक

(छ) स्टोर किपर

(ज) टाइपिष्ट क्लर्क (ख)

(झ) टाइपिष्ट क्लर्क (ग)

(ञ) सहायक लेखापाल

(ट) सहायक स्टोरकिपर

(ठ) बुक चेकर

(ड) इलेक्ट्रिसिएन

(ढ) ड्राइभर

(ण) पियन

(त) चौकिदार

(थ) वार्ड सेवक

(द) भान्से

(ध) बगैंचे

(न) कुचिकार

(प) प्लम्बर

(फ) ल्याब ब्वाइ

(ग) क्याम्पस सञ्चालक समितिले आवश्यकतानुसार थप पदहरु सृजना गर्न सक्नेछ ।

## ५. *शिक्षक-कर्मचारीका लागि उम्मेद्ववार हुन चाहिने योग्यता*

शिक्षक-कर्मचारीलाई उम्मेदवार हुन चाहिने आवश्यक शैक्षिक तथा अन्य योग्यता देहाय बमोजिम कायम गरिएको छ ।

### १. *उप-प्राध्यापक, शिक्षण सहायक*

(क) मान्यताप्राप्त विश्वविद्यालयबाट सम्बधित बिषयमा कम्तीमा द्वितिय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको,

(ख) नैतिक पतन देखिने फौज्दारी कसुरमा सजाय नपाएको,

(ग) भविष्यमा सरकारी नोकरी वा विश्वविद्यालय सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बरखास्त नगरिएको,

घ भ्रष्टाचारको अभियोगमा सेवा मुक्त नभएको

(ङ) अन्य कुनै कानुनले अयोग्य नठहरिएको,

### २. *कर्मचारीतर्फ*

**(क) सहायक प्रशासक, ल्याब डेमोन्स्ट्रेटर**

(१) मान्यताप्राप्त विश्वविद्यालयबाट तोकिएको सम्बन्धित बिषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातक तह उत्तीर्ण गरेको,

(२) १८ बर्ष उमेर पुगेको र पुरुषका लागि ३५ र महिलाका लागि ४० बर्ष ननाघेको,

(३) नेपाली नागरिक,

(४) नैतिक पतन देखिने फौज्दारी कसुरमा सजाय नपाएको,

(५) भबिष्यमा सरकारी नोकरी वा विश्वविद्यालय सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बरखास्त नगरिएको,

(६) भ्रष्टाचारको अभियोगमा सेवा मुक्त नभएको

(७) अन्य कुनै कानुनले अयोग्य नठहरिएको,

**(ख) लेखापाल, कम्प्युटर अपरेटर, हेड अशिष्टेन्ट, प्रयोगशाला सहायक, स्टोर किपर, टाइपिष्ट क्लर्क(ख)**

(१) मान्यताप्राप्त विश्वविद्यालय वा बिद्यालयबाट तोकिएको सम्बन्धित बिषयमा कम्तीमा द्वितिय श्रेणीमा प्रवीणता प्रमाणपत्र तह, कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको,

(२) नियम ५(२)(क) को (२),(३),(४),(५),(६) र (७) को योग्यता भएको,

(३) टाइपिष्ट क्लर्कको लागि मान्यता प्राप्त इन्स्टिच्युटबाट अंग्रेजी र नेपाली भाषामा टाइप सिकेको प्रति मिनेट अंग्रेजीमा ४० र नेपालीमा २५ शब्द टाइप गर्न सक्ने र कम्प्युटर आधारभुत तालिम गरेको प्रमाणपत्र प्राप्त गरेको हुनुपर्नेछ, अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ,

(४) कम्प्युटर अपरेटरका लागि सम्बन्धित बिषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा कम्तीमा द्वितीय श्रेणीमा उतीर्ण गरको हुनुपर्नेछ, अनुभवीलाइ बिशेष प्राथमिकता दिइनेछ,

**(ग) टाइपिष्ट क्लर्क (ग), सहायक लेखापाल, सहायक स्टोरकिपर, बुक चेकर,**

(१) मान्यताप्राप्त विद्यालयबाट कम्तीमा द्वितीय श्रेणीमा एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको,

(२) नियम ५(२)(क) को (२),(३),(४),(५),(६) र (७) को योग्यता भएको,

(३) टाइपिष्ट क्लर्कको लागि मान्यता प्राप्त इन्स्टिच्युटबाट अंग्रेजी र नेपाली भाषामा टाइप सिकेको, प्रति मिनेट अंग्रेजीमा ४० र नेपालीमा २५ शब्द टाइप गर्न सक्ने र कम्प्युटर आधारभुत तालिम(basic course) गरेको प्रमाणपत्र प्राप्त गरेको हुनुपर्नेछ, अनुभवीलाई बिशेष प्राथमिकता दिइनेछ,

**(घ) ड्राइभर**

(१) मान्यताप्राप्त विद्यालयबाट कम्तीमा आठौं कक्षा उत्तीर्ण गरी मान्यता प्राप्त प्रतिष्ठान (institute)बाट सवारी चालकको प्रमाणपत्र प्राप्त गरेको, अनुभवीलाई बिशेष प्राथमिकता दिइनेछ ।

(२) नियम ५(२)(क) को (२),(३),(४),(५),(६) र (७) को योग्यता भएको,

**(ङ) पियन, चौकिदार, वार्ड सेवक, भान्से, बगैंचे, कुचिकार, ल्याब पर्सन**

(१) मान्यताप्राप्त विद्यालयबाट कम्तीमा आठौं कक्षा उत्तीर्ण गरेको, अनुभवीलाई बिशेष प्राथमिकता दिइनेछ ।

(२) नियम ५(२)(क) को (२),(३),(४),(५),(६) र (७) को योग्यता भएको,

## ***६. शिक्षक तथा कर्मचारी सेवाको प्रकार***

यस क्याम्पसमा रहेको रिक्त दरवन्दीमा क्याम्पस सञ्चालक समितिले आवश्यकता अनुसार देहाय बमोजिम शिक्षक-कर्मचारी नियुक्ति गर्न सक्नेछ ।

### ***१. दैनिक ज्यालादारी***

(क) यस क्याम्पसमा रिक्त हुन गएको कुनै पनि पदमा सोही पदको तलब हाजिरीको अनुपातमा दैनिक पारिश्रमिक भूक्तानी दिने गरी शिक्षक तथा कर्मचारी नियुक्ति गर्न सकिनेछ ।

(ख) दफा ६ को उपदफा १'क' बमोजिम नियुक्त शिक्षक-कर्मचारीहरुले कुनै प्रकारको विदा सुबिधा पाउने छैनन् ।

*२. अस्थायी वा करार सेवा*

(क) क्याम्पसले रिक्त कुनै पनि दरवन्दीमा करार सेवामा नियुक्ति गर्न सक्नेछ ।

(ख) करार सेवामा नियुक्ति भएका शिक्षक-कर्मचारीले विनियममा उल्लेख भए बमोजिम विदाको सुविधा पाउनेछन ।

(ग) एक पटक करार सेवामा नियुक्ति पाएका शिक्षक, कर्मचारीलाई कार्यकारी समितिले आवश्यकता अनुसार निर्णय गरी म्याद थप गर्न सक्नेछ ।

## *७. नियुक्ति प्रक्रिया*

(क) यस क्याम्पसका लागि आवश्यक शिक्षक तथा कर्मचारीहरु स्वायत्तता सम्बन्धि नियम २०६२ ले तोकेको प्रक्रिया बमोजिम नियुक्ति गरिने छ ।

(ख) क्याम्पस कार्यकारी समितिद्धारा कुनै पनि पदपुर्ति गर्नका लागि स्वायत्तता सम्बन्धी नियम २०६२ को नियम ४७ बमोजिम पदपूर्ति समिति गठन गरिनेछ ।

(ग) परीक्षाको प्रकार लिखित वा मौखिक वा प्रयोगात्मक वा सबै हुनेछ ।

(घ) पदपूर्ति खुल्ला प्रतियोगिताद्वारा गरिनेछ ।

(ङ) प्रतियोगितामा सफल उम्मेदवारलाई पदपूर्ति समितिले नियुक्तिका लागि क्याम्पस कार्यकारी समिति समक्ष सिफारिस गर्नेछ ।

(च) सिफारिस गरिएको ब्यक्तिलाई क्याम्पस कार्य समितिले नियुक्ति दिई काममा लगाउन सक्नेछ,

(छ) नियुक्ति पाएको उम्मेद्वारले ३० दिनभित्र हाजिर भई आफ्नो जिम्मेवारी सम्हाल्नुपर्नेछ ।

(ज) सफल उम्मेदवारले नियुक्ति नलिएमा वा नियुक्ति लिए पनि ३० दिनभित्र हाजिर भई आफ्नो जिम्मेवारी नसम्हालेमा बैकल्पिक उम्मेदवारलाई नियुक्ति दिई काममा लगाउन सकिनेछ ।

(झ) शिक्षण सहायक पदमा करार सेवामा निरन्तर १०(दश) बर्ष सेवा अबधि पूरा गरेका शिक्षकलाई करार सेवामा नै उप-प्राध्यापक पदमा बढुवा गर्न सकिनेछ ।

(ञ) नियुक्ति सम्बन्धि अन्य कुराहरु सञ्चालक समिति, कार्यकारी समिति र पदपूर्ति समितिले तोके बमोजिम हुनेछन् ।

## *८. सेवाको सुरक्षा*

(क) देहायको अवस्थामा बाहेक अन्य कुनै अवस्थामा शिक्षक-कर्मचारीलाई सफाइको मौका नदिई सेवाबाट हटाउने वा बर्खास्त गरिने छैन ।

१. भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असंभव भएको अवस्था,

२. नैतिकपतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको अवस्था,

(ख) कुनै पनि शिक्षक वा कर्मचारीलाई निजको नियुक्त हुँदा तत्काल लागु रहेको सेवा सुबिधा सम्बन्धी शर्तहरुमा निजलाई प्रतिकूल असर पर्ने गरी परिवर्तन गरिनेछैन ।

(ग) शिक्षक कर्मचारीहरुको बिदामा रहेको, निलम्बनमा रहेको र काजमा खटाइएको बखतमा पदाधिकार कायम रहेको मानिनेछ ।

(घ) लशिक्षक कर्मचारीले पदबाट राजिनामा दिई स्वीकृत भएमा वा पदबाट बर्खास्त गरिएको अबस्थामामात्र पदाधिकार समाप्त भएको मानिनेछ ।

(ङ) शिक्षक कर्मचारीले जुनसुकै अबस्थामा पदमुक्त भएपनि निजको नियमानुसार पाकेको तलब, कल्याण कोषमा सञ्चित भएको रकम र सञ्चित बिदाको रकम पाउँनेछन ।

## ९. जिम्मेवारी

क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको जिम्मेवारी देहाय बमोजिमको हुनेछः-

### (क). शिक्षकहरु

(१) क्याम्पसले संचालन गरेको कक्षाहरुमा नियमित रुपले पूर्ण निपुणताका साथ क्याम्पस प्रमुखले तोके बमोजिमको विषयमा अध्यापन गर्ने ।

(२) परीक्षाको समयमा क्याम्पसले तोके बमोजिम आफ्नो कार्य सम्पादन गर्ने ।

(३) अनुसन्धानात्मक कार्यमा संलग्न रही क्याम्पसमा बौद्धिक तथा शैक्षिक वातावरण निर्माण गर्न सधैं क्रियाशील रहने ।

(४) विद्यार्थीहरुको शैक्षिक, बौद्धिक तथा चारित्रिक उत्थानको कार्य गर्ने ।

(५) क्याम्पसलाई सधैं सहयोग गर्ने ।

(६) विद्यार्थीहरुलाई पठनपाठन लगायतका विषयमा आवश्यकता अनुसार सहयोग तथा परामर्श दिने

### (ख). कर्मचारीहरु

(१) क्याम्पस सञ्चालक समितिले निर्धारण गरेको पदीय जिम्मेवारी बहन गर्ने ।

(२) क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुखको निर्देशन र आदेश बमोजिम तोकिएको कार्य गर्ने, गराउने ।

(३) क्याम्पस सञ्चालक समितिको निर्णय कार्यान्वयन गर्ने गराउने ।

(४) क्याम्पस सञ्चालक समिति, क्याम्पस प्रमुख तथा सहायक क्याम्पस प्रमुखले तोकेको अन्य कार्यहरु गर्ने ।

## १०. उमेरको हद र अनिवार्य अवकाश

यस क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको उमेरको हद प्रचलित कानून वमोजिम हुनेछ ।

## ११. तलब,भत्ता तथा अन्य सुबिधा

(क) यस क्याम्पसद्धारा नियुक्त शिक्षक र कर्मचारीहरुको तलबमान र ग्रेड अनुसुची १ मा तोकिएको दर रेटमा नघटाइ सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

(ख) उपनियम (क) बमोजिम तलबमान निर्धारण गर्दा समान पदका लागि त्रिभुवन विश्वबिद्यालयको प्रचलित तलबमान भन्दा कम हुने गरी निर्धारण गरिने छैन ।

(ग) यस क्याम्पसद्धारा नियुक्त शिक्षक तथा कर्मचारीलाई प्रत्येक वर्ष समान पदका लागि त्रिभुवन बिश्वबिद्यालयले प्रदान गरे सरह एक ग्रेड प्रदान गरिनेछ ।

(घ) शिक्षक कर्मचारीहरुले प्रत्येक महिना ब्यतित भएपछि मासिक रुपमा तलब भत्ता पाउनेछन् ।

(ङ) शिक्षक कर्मचारीले त्रि.बि. नियमानुसार कार्यभार बहन गर्नुपर्नेछ, सो भन्दा बढी समय काम गर्नुपरेमा शिक्षक कर्मचारीले अतिरिक्त पारिश्रमिक पाउनेछन् ।

(च) यस क्याम्पसद्धारा नियुक्त वैतनिक शिक्षक वा कर्मचारीको सेवामा बहाल रहेको अबस्थामा मुत्यु भएमा निजको दाह संस्कार वापत रु.५०००।-निज मृतक ब्यक्तिको हकवालालाई उपलब्ध गराइनेछ ।

(छ) सञ्चालक समितिले शिक्षक तथा कर्मचारीहरुलाई तोके वमोजिमको मासिक तलवको अतिरिक्त थप भत्ता र अन्य सुबिधा समेत उपलब्ध गराउन सक्नेछ ।

(ज) यस क्याम्पसमा कार्यरत शिक्षकलाई कार्यसमितिले सहायक क्याम्पस प्रमुख वा बिभागिय प्रमुख वा अन्य कुनै सो सरहको आवधिक पदमा नियुक्ती गरेमा निजहरुको पदावधी, सेवा, शर्त र सुबिधा सो पद अनुसारकै त्रि.बि.ऐन, नियम बमोजिम नै हुनेछ ।

(झ) सञ्चालक समितिले समय समयमा शिक्षक तथा कर्मचारीहरुको तलब बृद्धि गर्न सक्नेछ ।

## १२. चाड पर्व खर्च

कम्तीमा ६ महिनासम्म अटुट सेवा गर्ने करार सेवाका शिक्षक-कर्मचारीहरुलाई निजले खाइपाई आएको १ महिनाको तलब बराबरको रकम चाड पर्व खर्च दिइनेछ । यस्तो खर्च दिने समयमा शिक्षक तथा कर्मचारीको सेवा अबधि छ महिना पुगेको रहेनछ भने पनि निजलाई पेश्कीको रुपमा त्यस्तो खर्च उपलब्ध गराइनेछ र निजको सेवा छ महिना पुगेपछि सो पेश्कीलाई खर्चमा परिणत गरिनेछ । यदि छ महिना सेवा नपुग्दै

त्यस्तो पेश्की खाइसकेको शिक्षक वा कर्मचारीले सेवा छोडेमा सो पेश्की रकम सम्बन्धित शिक्षक वा कर्मचारीबाट असुल उपर गरिनेछ ।

## *१३. दैनिक भ्रमण भत्ता*

यस क्याम्पसका शिक्षक-कर्मचारीहरुलाई क्याम्पसको कामका सन्दर्भमा काजमा पठाउँदा सञ्चालक समितिले निर्धारण गरे बमोजिम दैनिक भ्रमण भत्ता दिइनेछ ।

## *१४. उपचार खर्च*

(क) यस क्याम्पसमा कार्यरत आन्तरिक श्रोतबाट तलब भत्ता ब्यहोर गरिने शिक्षक तथा कर्मचारीहरुले २० वर्ष भन्दा बढी निरन्तर सेवा गरेमा ६ महिनाको तलब बराबरको रकम उपचार खर्च दिइनेछ ।

(ख) १० वर्ष भन्दा माथि २० वर्षसम्म नियमित सेवा गर्ने शिक्षक, कर्मचारीलाई ३(तीन) महिनाको तलब बराबरको रकम उपचार खर्च उपलब्ध गराइने छ ।

(ग) क्याम्पसमा कार्यरत रहेकै अबस्थामा उपचार गर्नका लागि रकम आवश्यक परेको कारणबाट कार्यसमितिको निर्णयबाट कसैलाई उपचार खर्च दिएको भए सो अभिलेखमा राखी अवकास लिएपछि पाउने उपचार खर्चबाट कट्टी गरिनेछ । यस्तो खर्च ३(तीन) महिनाको तलव भन्दा बढी हुने छैन ।

## *१५ बिदा*

(क) बिदा क्याम्पसको काममा बाधा नपर्ने गरी सहुलियतको रुपमामात्र लिन सकिनेछ, अधिकारको रुपमा लिन सकिने छैन ।

(ख) क्याम्पसद्धारा नियुक्त करार तथा अस्थायी शिक्षक कर्मचारीहरुलाई देहाय बमोजिम् बिदा उपलब्ध गराइनेछ ।

## १६ बिदाका प्रकार

यस क्याम्पसद्वारा नियुक्त शिक्षक तथा कर्मचारीहरुले देहाय बमोजिमका बिदा पाउनेछन्ः-

### *१. भैपरी आउने बिदा तथा पर्व बिदा*

(क) यस क्याम्पसका शिक्षक तथा कर्मचारीहरुले प्रत्येक वर्ष भैपरी आउने बिदा ९( नौ) दिन र पर्व बिदा ६(छ) दिन पाउनेछन् ।

(ख) यो बिदामा बस्दा पूरा तलब पाउनेछन् ।

(ग) यो बिदा आधा दिन पनि लिन सकिनेछ ।

(घ) यो बिदा अर्को बर्षका लागि संचित हुने छैन ।

### *२. बिरामी बिदा*

(क) यस क्याम्पसका शिक्षक-कर्मचारीहरुलाई प्रत्येक एक बर्षको १५(पन्ध्र) दिनका दरले बिरामी बिदा दिइनेछ ।

(ख) बिरामी भई विरामी बिदा समाप्त भएमा आगामी वर्षको बिदाबाट कट्टी हुने गरी १५(पन्ध्र) दिनसम्म पेश्की बिदा दिन सकिनेछ । यस्तो बिदा लिनका लागि सरकारी अस्पतालको उपचार गरेको प्रमाण पेश गर्नुपर्नेछ ।

(ग) बिदा स्वीकृति गर्ने अधिकारीले विरामी भएको कुरा सत्य हो भन्ने लागेमा बिना प्रमाणपत्र पनि बिदा स्वीकृत गर्न सक्नेछ ।

(घ) संचित विरामी बिदाको रकम शिक्षक-कर्मचारीले सेवाबाट अवकास लिएपछि वा मृत्यु भएमा एकमुष्ठ नीज र नीजका हकदारलाई भुक्तानी दिइनेछ ।

### *३. घर बिदा*

(क) वर्षे वा हिउँदे बिदा नपाउने शिक्षक-कर्मचारीहरुले वार्षिक ३० (तीस) दिन घर बिदा पाउनेछन् । हिउँदे वा बर्षे बिदा पाउने शिक्षक तथा कर्मचारीहरुले यो बिदा पाउने छैनन् ।

(ख) यो बिदा आधा दिन लिन पाइने छैन ।

(ग) यो बिदामा बस्दा पुरा तलब पाइनेछ ।

(घ) घर बिदा १८०(एकसय अस्सी) दिन सम्म सञ्चित हुनेछ । घर बिदा लिदा बर्षको १ पटकमात्र नियमानुसार बाटाको म्याद पाइने छ । घर बिदा लिदा बाटाको म्याद भन्दा कम लिन पाइने छैन ।

(ङ) सञ्चित रहेको घर बिदा वापतमा त्यस्तो शिक्षक वा कर्मचारीले अवकास भएपछि खाइपाइ आएको तलब बराबरको रकम पाउनेछ । त्यस्तो कर्मचारीको मृत्यु भएमा सो रकम निजका नजिकका हकवालाले पाउनेछन ।

### *४. क्रिया बिदा*

यस क्याम्पसका कुनै शिक्षक वा कर्मचारीको बाबु, आमा, लोग्ने वा स्वास्नी, छोरा वा अबिबाहित छोरी मरेको अवस्थामा र आफैं क्रिया बस्नु परेमा त्यस्ता शिक्षक वा कर्मचारीलाई आफ्नो कुल धर्म अनुसार काजक्रिया गर्न १५ दिन सम्मको पूरा तलबी क्रिया बिदा दिइनेछ ।

### *५. प्रसुति बिदा वा प्रसुति सेवा बिदा*

(क) यस क्याम्पसमा कार्यरत महिला शिक्षक-कर्मचारीले बढीमा दुई पटकसम्म सुत्केरी हुनुभन्दा अघि वा पछि गरी ६०/६०(साठी) दिन प्रसुति बिदा पाउनेछन् । पुरुष शिक्षक वा कर्मचारीकी पत्नी प्रसुति हुँदा सेवा अवधि भरमा १ पटक ७(सात) दिन सम्मको प्रसुति सेवा बिदा पाउनेछन ।

(ख) यो बिदा पूरा तलबी हुनेछ ।

### ६. *असाधारण बिदा*

(क) सम्पूर्ण बिदा समाप्त भए पछि पनि विदा बस्नु परेमा दुई बर्ष भन्दा बढी सेवा गरेका शिक्षक वा कर्मचारीलाई १ पटकमा २ महिनासम्म र सम्पूर्ण सेवा अवधिभर ६ महिनासम्म असाधारण बिदा दिन सकिनेछ ।

(ख) असाधारण बिदा बेतलबी हुनेछ ।

## *१७.. बिदा माग गर्ने तरिका*

(क) बिदा स्वीकृतिको लागि आवस्यक पर्ने क्याम्पसका शिक्षक-कर्मचारीले आफूलाई चाहिएको बिदाको अवधि, कारण र बिदाको नाम उल्लेख गरी बिदा स्वीकृत गर्ने अधिकारी समक्ष निवेदन दिनुपर्नेछ ।

(ख) त्यस्तो माग गरिएको बिदा स्वीकृत गर्ने वा नगर्ने अधिकार अधिकारप्राप्त अधिकारीसँग सुरक्षित रहनेछ ।

## *१८. बिदा स्वीकृत गर्ने अधिकारी*

बिदा स्वीकृत गर्ने देहाय बमोजिमको अधिकारी र समिति हुनेछ ।

(क) असाधारण बिदा..........................कार्य समिति

(ख) अन्य बिदा..................................क्याम्पस प्रमुख

## *१९.. बिदा सम्बन्धी अन्य व्यवस्था*

(क) शिक्षक कर्मचारीले जुन बिदा लिएको हो सोही विदा नै उपभोग गर्नुपर्नेछ ।

(ख) सार्वजनिक दिन गाभिनेः -सार्वजनिक बिदा परेको अघि वा पछि भैपरी आउने र पर्व विदा बाहेक अन्य कुनै किसिमको बिदा लिई बसेको शिक्षक वा कर्मचारीको सार्वजनिक बिदाको दिन पनि निजको बिदामा गणना हुनेछ ।

तर लामो( हिउँदे, वर्षे र दशैं तिहार) बिदाको समयमा चाँहि बिदाको अघि वा पछि हाजिर नभए पनि उक्त बिदा निज कर्मचारीको बिदामा गणना गरिने छैन ।

(ग) कार्यालयमा अनुपस्थित हुने उपर कारवाहीः

विदा नलिई अनुपस्थित हुने शिक्षक र कर्मचारीलाई गयल गरी तलब कट्टी गरी कारवाही गर्न सकिनेछ । गयल भएको अवधि सेवा अवधिमा गणना हुनेछैन । तर काबु भन्दा बाहिरको परिस्थिति परी मौकामा बिदा स्वीकृत गराउन नसकेको हो भन्ने कुरा बिदा स्वीकृत गर्ने अधिकारीलाई लागेमा क्याम्पसमा हाजिर भएको दिन दिएको निबेदनलाई ग्रहण गरी बिदा स्वीकृत गर्न सकिनेछ ।

(घ) विदाको अभिलेखः- विदा स्वीकृत गर्ने अधिकारीले आफ्नो मातहतमा काम गर्ने शिक्षक, कर्मचारीको बिदाको अभिलेख राख्न लगाउनु पर्नेछ र वार्षिक रुपमा सम्बन्धित व्यक्तिलाई एक प्रति अभिलेख प्रमाणित गरी दिनुपर्नेछ ।

(ङ) विदाको गणनाः- विदाको गणना श्रावण १ गतेदेखि असार मसान्तसम्मको १ वर्षे अवधिको आधारमा गर्नुपर्नेछ ।

## २०. *कार्यालय समय, समयपालन र हाजिरी*

(क) यस क्याम्पसको आवश्यकता अनुसार सञ्चालक समितिले शिक्षक कर्मचारीहरुको कार्यालय समय निर्धारण गर्नेछ । निर्धारित कार्यालय समयमा शिक्षक कर्मचारीहरुले नियमित रुपमा आफ्नो कार्यालयमा हाजिर हुनुपर्नेछ ।

(ख) निर्धारित समयमा नआउने शिक्षक-कर्मचारीलाई क्याम्पस प्रमुखले गयल गर्न सक्नेछन ।

(ग) मुनासिब माफिकको कारण परे बाहेक बिदाको स्वीकृति नलिई कुनै पनि व्यक्ति अनुपस्थित हुनुहुँदैन । काबु भन्दा बाहिरको परिस्थिति परी अनुपस्थित हुने शिक्षक वा कर्मचारिले हाजिर भएको भोलिपल्ट सम्ममा विदा स्वीकृत नगराएमा गयल गरिनेछ ।

## २१. *पुरस्कार*

(क) यस क्याम्पसमा कार्यरत शिक्षक-कर्मचारीहरु मध्ये राम्रो कार्य गर्नेलाई सञ्चालक समितिले पुरस्कृत गर्न सक्नेछ ।

(ख) यसरी पुरस्कृत गर्दा कदर पत्र, प्रशंसा पत्र, सम्मान पत्र, पुरस्कार वा अन्य उपहार सञ्चालक समितिबाट दिइनेछ ।

## २२. *शिक्षक-कर्मचारीको आचार संहिता*

यस क्याम्पसमा कार्यरत शिक्षक-कर्मचारीले देहाय बमोजिमका आचार संहिता पालन गनुपर्नेछः-

(क) यस क्याम्पसमा कार्यरत शिक्षक-कर्मचारीहरुको आचरण राष्ट्र, संविधान, प्रचलित ऐन, कानुन, प्रचलित सामाजिक मूल्य, मान्यता र यस क्याम्पसको हित विपरीत हुनुहुँदैन ।

(ख) क्याम्पसको निर्णय र पदाधिकारीहरुले दिएका निर्देशनहरुलाई वेवस्ता गर्नु हुँदैन ।

(ग) मादक पदार्थ सेवन गरी क्याम्पसमा प्रवेश गर्नु हुँदैन ।

(घ) आफू दुर्व्यसनी बन्नु तथा अरुलाई दुर्व्यसनी बनाउनु हुँदैन ।

(ङ) क्याम्पसका लागि गरिने कुनै पनि कामको ठेक्का, टेण्डर वोलपत्र आफै वा आफ्नो परिवारको कुनै सदस्यको नाममा लिनु हुँदैन ।

(च) क्याम्पसको प्रतिष्ठामा आघात पार्ने, आपसी विवाद सृजना गर्ने कुनै पनि व्यक्तिको चरित्रमा आघात पार्ने लेख, रचना आफ्नो वास्तविक तथा काल्पनिक नामबाट लेखी प्रकाशित गर्नु, गराउनु हुँदैन ।

(छ) बिदा स्वीकृत नगरी अनुपस्थित बस्नु हुँदैन

(ज) क्याम्पसको गोप्यता भङ्ग गर्नु हुँदैन ।

(झ) क्याम्पसको शिक्षक तथा कर्मचारीले आफूभन्दा माथिल्लो तहका पदाधिकारी तथा कर्मचारीलाई आदर गर्नुपर्दछ भने समान तहमा स्नेह, मित्रता तथा सहकार्य र आफूभन्दा मुनिकालाई माया, प्रेरणा, निर्देशन गर्नुपर्दछ ।

(ञ) आफूले बुझाउनु पर्ने नगदी जिन्सी कागजात सबै समयमा नै बुझाइदिनु पर्छ र बुझ्नेले पनि बुझिलिनु पर्दछ ।

(ट) आज्ञाकारिता, अनुशासन, सद्‌भाव वा सहयोग, सदाचार, सहानुभूति, धैर्य र सच्चरित्रतालाई प्रोत्साहन दिनुपर्छ ।

(ठ) आफ्नो सेवा सम्बन्धि कुरामा मतलव साध्य गर्ने मनसायले कसैमाथि पनि कुनै राजनैतिक वा अन्य कुनै अवाञ्छनीय प्रभाव पार्न वा पार्ने प्रयत्न गर्नुहुँदैन ।

(ड) विद्यार्थीलाई योग्य नागरिक बनाउने उद्देश्य लिई अध्ययन र अध्यापन र प्रशासनिक कार्यलाई आफ्नो मूख्य लक्ष्य सम्झी कार्य सम्पादन गर्नुपर्दछ ।

(ढ) क्याम्पस पक्ष भएको कुनै पनि मुद्धा मामिला वा विवादमा क्याम्पसको विपक्षमा बहस पैरबी गर्न र साक्षी बक्न समेत पाइने छैन ।

## *२३. शिक्षक तथा कर्मचारीको कर्तव्य*

यस क्याम्पसमा कार्यरत सम्पूर्ण शिक्षक-कर्मचारीहरुले देहाय बमोजिमको कर्तव्य पालना गर्नुपर्नेछ ।

(क) यस क्याम्पसले बनाएको विनियम अनुसार कार्य गर्नु गराउनु, सञ्चालक समितिले गरेका निर्णयहरुलाई क्याम्पसको हितमा कार्यान्वयन गर्नु, गराउनु ।

(ख) क्याम्पसको पदाधिकारी, सदस्य र जिम्मेवार व्यक्तिहरुप्रति आदरपूर्ण व्यवहार गर्नु, गराउनु ।

(ग) आपसमा पदीय मर्यादा अनुसार व्यवहार गर्नु र आपसी सहमती र सहयोगलाई स्वस्थ बनाई राख्नु ।

(घ) क्याम्पसको नगदी, जिन्सी- चल, अचल सम्पतिको संरक्षण सम्बर्धन गर्नु, गराउनु ।

(ङ) यस क्याम्पसमा कार्यरत शिक्षक, कर्मचारीहरु इमान्दर, निष्पक्ष, लगनशील, कर्तव्यनिष्ठ, बौद्धिक, सिर्जनशील, मृदुभाषी र सहयोगी हुनु ।

## *२४. कारवाही, सजाय र पुनरावेदन*

क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीले प्रचलित ऐन, कानुन, सञ्चालक समितिको निर्णय, निर्देशन वा यस विनियम विपरित कार्य गरेमा निजले गरेको कार्यको गम्भिरतालाई हेरी कार्यकारी समितिले २४(ख) बमोजिम बिशेष र क्याम्पस प्रमुखले २४(क) बमोजिम सामान्य कारवाही गरी सजाय गर्न सक्नेछन् ।

**(क) सामान्य सजाय**

१. नसिहत दिने

२. बढीमा २ वर्षसम्म ग्रेड रोक्का गर्ने

**(ख) विशेष सजाय**

१. भविष्यमा क्याम्पसको सेवामा वहाल हुनसक्ने गरी ६ महिनासम्म निलम्बन गर्ने ।

२. भविष्यमा क्याम्पसको सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट बर्खास्त गर्ने ।

३. भविष्यमा क्याम्पसको सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने ।

## *२५. सजाय हुन सक्ने अबस्थाहरु*

(क) देहायको अवस्थामा क्याम्पसका शिक्षक-कर्मचारीहरुलाई नसिहत दिने वा २ बर्ष सम्म

ग्रेड बृद्धि रोक्का गर्न सकिनेछः-

१. निजले गरेको काम सन्तोषजनक नभएमा ।

२. पूर्व स्वीकृति नलिई बराबर क्याम्पसमा अनुपस्थित रहेमा ।

३. आचार संहिता बिपरीत कुनै काम गरेमा ।

(ख) देहायको कुनै अवस्थामा क्याम्पसका शिक्षक-कर्मचारीलाई भविष्यमा क्याम्पसको सेवामा बहाली हुन सक्ने गरी ६ महिनासम्म निलम्बन गर्न सकिनेछः-

१. क्याम्पसले प्रदान गरेको पदीय जिम्मेवारी पूरा गर्न नसकि क्याम्पसको इज्जत प्रतिष्ठामा आघात पुर्‍याएमा ।

२. शिक्षक तथा कर्मचारीको आफ्नो पदीय दायित्व पूरा गर्ने कार्यदक्षतामा कमी देखिएमा ।

३. पूर्व स्वीकृति नलिई लगातार १५ दिनसम्म क्याम्पसमा अनुपस्थित रहेमा ।

४. पूर्व स्वीकृति नलिइ पटकपटक गरी ३० दिनसम्म क्याम्पसमा अनुपस्थित रहेमा ।

५. नैतिक पतन देखिने फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको शिक्षक-कर्मचारी त्यसरी थुनिएको अवधिभर स्वत निलम्बन हुनेछ ।

(ग) देहायको कुनै अवस्थामा क्याम्पसका शिक्षक-कर्मचारीलाई भविष्यमा अयोग्य नठहरिने गरी सेवाबाट बर्खास्त गर्न सकिनेछः-

१. शिक्षक वा कर्मचारीको अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न असमर्थ भएमा ।

२. बारम्बार आचार संहिताको उलङ्घन गरेमा ।

३. मादक पदार्थ वा लागु औषध सेवन गरी क्याम्पसमा प्रवेश गरेमा ।

४. पटक पटक अनुशासनहीन काम गरेमा ।

५. लापरवाहीको कारणले क्याम्पसलाई गम्भीर संकट हुने कार्य गरेमा ।

(घ). देहायको कुनै अवस्थामा क्याम्पसका शिक्षक-कर्मचारीलाई भविष्यमा अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्न सकिनेछ ।

१. नैतिक पतन देखिने फौजदारी अभियोग प्रमाणित भई सजाय पाएमा ।

२. भष्ट्रचार गरेको ठहरिएमा ।

३. लागु पदार्थको सेवन गरी दुर्व्यसनी भएमा ।

## २६. सजाय दिने अधिकारी

क्याम्पसका शिक्षक-कर्मचारीलाई देहाय बमोजिम सजाय दिइनेछः-

(क) नियम २३(क) को सजाय क्याम्पस प्रमुखले,

(ख) नियम २३(ख) को सजाय कार्यकारी समितिले

## २७. सजाय सम्बन्धी कार्यविधि

कुनै पनि शिक्षक कर्मचारीलाई सजाय गरिनुपुर्व देहाय बमोजिमको कार्यबिधि अबलम्बन गरिनेछ ।

(क) सजायको आदेश दिनुपूर्व सम्बन्धित अधिकारीले सम्बन्धित शिक्षक-कर्मचारीलाई कारवाही गर्न लागिएको कारण उल्लेख गरी किन कारबाही गर्नु नपर्ने हो सो को सफाइ पेश गर्ने मौका दिइनेछ ।

(ख) सजाय दिनु भन्दा पहिले सजाय दिने अधिकारीले दिन लागेको सजायको सूचना दिई प्रस्तावित सजाय किन नदिने भनि पुनः उचित म्याद दिई निजसँग स्पष्टीकरण माग गरिनेछ ।

(ग) शिक्षक-कर्मचारीलाई साधारणतया ६ महिना भन्दा बढी निलम्बन गरिने छैन ।

(घ) निलम्बनमा रहेका शिक्षक-कर्मचारीले सफाई पाएमा निलम्बन अवधिको आधा तलवमात्र पाउनेछ ।

(ङ) कुनै निलम्वित शिक्षक-कर्मचारी आफ्नो पदमा स्थापित भएमा वा नोकरीबाट बर्खास्त गरिएमा निजको निलम्बन अबधि समाप्त भएको मानिनेछ ।

## २८. पुनरावेदन सुन्ने अधिकारी

(क) दफा २३(क),(ख) बमोजिम भएको सजायको पुनराबेदन सुन्नका लागि सञ्चालक समितिल सञ्चालक समितिका अध्यक्षको अध्यक्षतामा कम्तिमा १० बर्ष कानुन वा न्यायको क्षेत्रमा काम गरेको एक जना कानुनबिद् समेत भएको तीन सदस्यीय पुनराबेद समिति गठन गर्नेछ ।

तर सञ्चालक समितिको अध्यक्ष नै सजाय गर्ने अधिकारी भएको अबस्थामा भने पुनराबेदन समितिको अध्यक्ष अर्को सञ्चालक समितिको सदस्यलाई तोक्नुपर्नेछ ।

(ख) पुनराबेदन समितिको कार्यबिधि समितिले तोके बमोजिम हुनेछ ।

(ग) पुनराबेदन समितिका सदस्यहरुको पारिश्रमिक तथा सेवा सुबिधा सञ्चालक समितिले तोके बमोजिम हुनेछ

(घ) दफा २३ बमोजिम सजाय पाएका शिक्षक तथा कर्मचारीहरुले आफूउपर भएको सजायमा चित्त नबुझे सजाय भएको जानकारी पाएको १५(पन्ध्र) दिनभित्र आफैंले पुनराबेदन समिति समक्ष पुनरावेदन गर्न सक्नेछन् । यस्तो पुनराबेदन सजाय दिने

अधिकारी मार्फत पनि गर्न सकिनेछ । पुनराबेदन समितिले पुनरावेदन सुनी गरेको निर्णय अन्तिम हुनेछ ।

### २९. *बुझबुझारथ गर्नुपर्ने*

कुनै शिक्षक वा कर्मचारीले क्याम्पसको सेवा छोडदा अख्तियारवालाले तोकेको शिक्षक वा कर्मचारी वा व्यक्तिलाई निजले क्याम्पस छोडेको ३५ दिनभित्र आर्थिक ब्यवस्थापन तथा संचयकोष सम्बन्धी नियम बमोजिम बुझबुझारथ गर्नु पर्नेछ । सो बुझबुझारथ नगरेसम्म निजले क्याम्पसबाट पाउने बाँकी कुनै सुबिधा भए सो सुबिधा रोक्का गरिनेछ । निजले बरबुझारथ नगरेको खण्डमा निजसँग रहेको बाँकी बक्यौता निजको रोक्का रहेको रकमबाट असुल उपर गरिनेछ । सो रकमबाट असुल उपर नभएमा निजको घर घराना जायजेथाबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

### ३०. *दायित्वबाट उम्कन नपाउने*

कार्यबाहीमा परी पदमुक्त भएका कुनै पनि शिक्षक कर्मचारीले क्याम्पसलाई तिर्नु बुझाउनु पर्ने कुनै कुरा बाँकी भएमा पदमुक्त भएको ३० दिनभित्र बुझाउनु पर्नेछ । सो भाकामा नबुझाएमा क्याम्पसले निजको घरघराना जायजेथाबाट सरकारी बाँकी सरह असुल उपर गर्नेछ ।

### ३१. *सेवा पुन कायम भएमा*

सजाय गर्ने अधिकारीले गरको सजाय उपरमा पुनरावेदन गरी पुनरावेदन सुन्ने निकाय वा अधिकारीले सजाय रद्ध गरी सेवामा पुन स्थापना गरेमा निजले बर्खास्त गरिएको मितिदेखि पुनः सेवामा कायम भएको मितिसम्मको आधा तलव पाउनेछ ।

### ३२. *खारेजी*

यस विनियमको कुनै नियम वा उपनियममा उल्लेख भएका कुराहरु प्रचलित कानूनसँग बाझिँन गएकोमा बाँझिएको हदसम्म स्वतः खारेज हुनेछन् ।

## अनुसुची-१

(नियम ११(क) सँग सम्बन्धित)

| पद | सुरु तलवमान | ग्रेड |
|---|---|---|
| (क) उप-प्राध्यापक (करार) | रु. २१,०८०।०० | रु. १९५।- |
| (ख) शिक्षण सहायक (करार) | रु. १८,७९०।०० | रु. १६०।- |
| (ग) सहायक प्रशासक | रु. १८,७९०।०० | रु. १६०।- |
| (घ) ल्याब डेमोन्स्ट्रेटर | रु. १८,७९०।०० | रु. १६०।- |
| (ङ) लेखापाल | रु. १४,४८०।०० | रु. १२०।- |
| (च) कम्प्युटर अपरेटर | रु. १४,४८०।०० | रु. १२०।- |
| (छ) हेड अशिष्टेन्ट | रु. १४,४८०।०० | रु. १२०।- |
| (ज) टाइपिष्ट क्लर्क (ख) | रु. १४,४८०।०० | रु. १२०।- |
| (झ) प्रयोगशाला सहायक | रु. १४,४८०।०० | रु. १२०।- |
| (ञ) स्टोर किपर | रु. १३,६५०।०० | रु. ११०।- |
| (ट) टाइपिष्ट क्लर्क (ग) | रु. १३,६५०।०० | रु. ११०।- |
| (ठ) सहायक लेखापाल | रु. १३,६५०।०० | रु. ११०।- |
| (ड) सहायक स्टोरकिपर | रु. १२,४००।०० | रु. ११०।- |
| (ढ) बुक चेकर | रु. १२,४००।०० | रु. ११०।- |
| (ण) इलेक्ट्रिसिएन | रु. १२,४००।०० | रु. ११०।- |
| (त) ड्राइभर | रु. १२,४००।०० | रु. ११०।- |
| (थ) पियन | रु. १०,०००।०० | रु. ८०।- |
| (द) चौकिदार | रु. १०,०००।०० | रु. ८०।- |
| (ध) वार्ड सेवक | रु. १०,०००।०० | रु. ८०।- |
| (न) भान्से | रु. १०,०००।०० | रु. ८०।- |
| (प) बगैंचे | रु. १०,०००।०० | रु. ८०।- |
| (फ) कुचिकार | रु. १०,०००।०० | रु. ८०।- |
| (ब) प्लम्बर | रु. १०,०००।०० | रु. ८०।- |
| (भ) ल्याब ब्वाइ | रु. १०,०००।०० | रु. ८०।- |

***समाप्त***